आ.व. २०७४\७५ को ऐन नं.- ७

# पाथीभरा याङवरक गाउँपालिकाबाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा ब्यवस्था गर्न बनेको कानून, २०७४

गाउँसभाबाट स्वीकृत मितिः–२०७४/१२।३०

पाथीभरा याङवरक गाउँपालिका

थेचम्बू, ताप्लेजुङ

प्रदेश नं १, नेपाल

**प्रस्तावना-** पाथीभरा याङवरक गाउँपालिकाको समग्र विकासका लागि पाथीभरा याङवरक गाउँपालिकामा राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनि व्यवस्था गर्न वाञ्छनीय भएकोले,
पाथीभरा याङवरक गाउँसभाले संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो कानून बनाएको छ ।

## परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कानूनको नाम "पाथीभरा याङवरक गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि कानून २०७४" रहेको छ ।

(२) यो कानून पाथीभरा याङवरक गाउँपालिका भर लागू हुनेछ । यस कानून बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कानून तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा :-
(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउछ ।
(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ ।
(ग) "कर अधिकृत" भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।
(घ) "कर एकाई" भन्नाले पाथीभरा याङवरक गाउँपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने पाथीभरा याङवरक गाउँपालिका विभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।
(ङ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।
(च) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनुपर्छ र सो शब्दले पुन: कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।
(छ) "गैरकर राजस्व" भन्नाले परिच्छेद -१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्दछ ।
(ज) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नि र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनुपर्छ ।
(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाथीभरा याङवरक गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनुपर्छ ।
(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।
(ट) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।
(ठ) "सभा"भन्नाले पाथीभरा याङवरक गाउँपालिकाको सभा सम्झनुपर्छ ।
(ड) "स्थानीय सरकार" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने पाथीभरा याङवरक गाउँपालिका सम्झनुपर्छ ।
(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ण) "गाउँपालिका" भन्नाले पाथीभरा याङवरक गाउँपालिका सम्झनुपर्छ ।

३. व्याख्या : यो कानूनमा परिभाषा गरिएको लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद-२
## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

**४. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त-**

(१) कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्तलाई आधार लिई लगाईनेछ :-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।
(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।
(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरि ।
(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।
(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।
(च) करको आधा, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।
(छ) पश्चातदर्शी असर नपर्ने गरि ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

## परिच्छेद-३
## कर प्रशासन सम्बन्धी व्यवस्था

**५. कर प्रशासन** : (१) नेपालका संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्र भित्रको कर तथा गैरकरको प्रशासन पाथीभरा याङवरक गाउँपालिका गर्नेछ ।
(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दस्तुर र प्रभावकारी बनाउन आवश्यका अनुसार कर एकाई रहन सक्नेछन् ।

**६. कर्मचारी सम्बन्धि व्यवस्था** : (१) स्थानीय सरकारबाट स्वीकृत दरबन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर एकाई रहन सक्नेछन् ।
(२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दिका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकार** : यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) करदाता दर्ता गर्ने
(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।
(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।
(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा पाथीभरा याङवरक गाउँपालिकालाई सुझाव दिने।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने ।

(ट) कर सम्बन्धि अँधिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धि अन्य काम गर्ने ।

**८. अधिकार प्रत्यायोजन** : (१) पाथीभरा याङवरक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहेने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**९. प्रत्यायोजित अधिकार र जिम्मेवारी** : (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायाजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-४

## कर राजस्व सम्बन्धी व्यवस्था

**१०. सम्पत्ति कर** : (१) पाथीभरा याङवरक गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनि तोकेको घर र जग्गामा तोकिए बमोजिमको एकीकृत सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नुपर्नेछ ।

(३) पाथीभरा याङवरक गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछ ।

(क) घरको बनौट (कच्ची वा पक्की)

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्कि कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्याङ्कन गर्दा अनुसूची १ बमोजिम ह्रासकट्टी गरि खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तीमा सात प्रतिशत मर्मच संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन समिति देहाय बमोजिमको गठन गर्न सक्नेछ ।

१. अध्यक्ष : संयोजक
२. प्रतिनिधी, मालपोत कार्यालय वा कार्यपालिकाको सम्बन्धित शाखा : सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत : सदस्य
४. योजना शाखा प्रमुख : सदस्य
५. राजश्व शाखा प्रमुख : सदस्य सचिव

(६) घर जग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घरजग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।
(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्वमा देहायको व्यक्तिमा रहेको मानिनेछ ।
(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।
(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयूक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाता प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र गाउँपालिकामा विवरण पेश गनुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गनुपर्छ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

**११. घर वहाल कर :** (१) पाथीभरा याङवरक गाउँपालिका आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर वहाल आय रकमको १०% का दरले घर वहाल कर लगाई असुल उपर गर्नेछ ।
**स्पष्टिकरण** : यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनुपर्छ ।
(२) घर वहालमा लगाउने व्यक्ति घर बहालको करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर वहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर वहाल करको करदाता हुनेछ ।
(३) घर वहालमा दिदा प्रत्येक घरधनिले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मिति पैतिस दिनभित्र कर एकाइमा पेश गर्नुपर्नेछ ।
(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर वहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनिका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।
(५) उपदफा(४) बमोजिम अग्रिम कर कट्टि गरी दाखिला गर्नुपर्ने घर वहाल कर कर कट्टि भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गनुपर्नेछ ।
(६) घर वहालको प्रयोजनको लागि स्थानीय सरकारले न्यूनतम मासिक घर वहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर वहाल रकम निर्धारण सम्बन्धि अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।
(८) घर वहालमा दिने घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नुपर्नेछ ।
(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गनुपर्नेछ ।
(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनीलाई घर वहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

**१२. घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) पाथीभरा याङवरक गाउँपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाई उठाउन सक्नेछ ।
(२) पाथीभरा याङवरक गाउँपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क को २% रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।
(३) पाथीभरा याङवरक गाउँपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ ।
(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।
(५) घर, जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोवारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन गर्ने कार्यालयबाट असुल उपर गरिनेछ ।
(६) रजिष्ट्रेसन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १ % हुनेछ ।
(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (६) बमोजिम लागने शुल्कमा २५ % रकम छुट हुनेछ ।
(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेसन शुल्क लाग्ने छैन ।
(९) पाथीभरा याङवरक गाउँपालिकाको घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजिगत लाभकर असुल गरी तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

**१३. सवारी साधन कर** : (१) पाथीभरा याङवरक गाउँपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

**स्पष्टिकरण** : यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिलबाट सडकमा चल्ने चार पाग्रे, तिनपांग्रे वा दुई पांग्रे सवारी साधन सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृती र क्षमताका आधारमा समान प्रकृतीका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।
(३) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।
(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझाउनु पर्नेछ ।
(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधन धनीले यस दफा बमोजिमको कर दाखिला गनुपर्नेछ ।

**१४. भूमिकर (मालपोत)** : (१) पाथीभरा याङवरक गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनिले भूमिकर (मालपोत तिर्नु पर्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएको जग्गामा भूमिकर मालपोत) लाग्ने छैन।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भिर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना गाउँसभाको बैठक चलेको भए गाउँसभामा पेश गर्नुपर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नुपर्नेछ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भूमीकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अर्न्तगतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ।

(७) भूमीकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्बन्धित वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएको आधार र कारण खोलि गाउँपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमीकर (मालपोत) बुझाउने म्याद बढाउन सक्नेछ। सो म्याद भित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ। र थप शुल्क लाग्ने छैन

**१५. मनोरञ्जन कर :** (१) स्थानीय सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जनस्थलमा देखाइने मनोरञ्जनका साधनमा मानोरञ्जन कर लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरन्जन कर मनोरञ्जन स्थदको संचालकले मनोरन्जनको लागि टिकट विक्री गर्दाको अवस्थामा असूल गर्नेछ। यसरी असुल भएको मनोरञ्जन कर रकम मध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको सबै र प्रदेशले लगाएको मनोरञ्जन करको दूइ पतिशत रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरन्जन करको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

**१६. विज्ञापन कर** : (१) गाउँपालिकाले सूचना पाटि (होडिङ बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ। यसरी असुल भएको विज्ञापन कर रकम मध्ये गाउँपालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापन करको दुइ प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी ९८% रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्दछ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिने छ।

(४) यस ऐन बमोजिम असूल गरेको मनोरञ्जन करको ररकम असूल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर एकाइमा दाखिला गर्नुपर्नेछ।

(५) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न गाउँपालिका बाट अनुमति लिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नुपर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ।



केशर कुमार पुरा
अध्यक्ष

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचना पाटि -होडिङ बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजश्व एकाई वा सो इकाइले तोकेको बैंक खाता दाखिला गनुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति समन्वय गरी कर असुल गनुपर्नेछ ।

(९) व्यापारिक वा व्यावसायिक प्रयाजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्नेछैन।

(१०) नेपाल सरकार प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन ।

**१७. व्यवसाय कर** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार व्यवसाय वा सेवामा पूजींगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्तामा र नविकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढि स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाइलाई दिनुपर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय कर बार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रिम रुपमा ५ बर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यसवापत लाग्ने रकममा १० प्रतिशतले छुट दिईनेछ ।

(४) केदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारि गर्नु पर्ने भएमा त्यसतो कारण परेको मितिले साठी दिन भित्र कर एकाईमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचन दिन सक्नेछ ।

(६) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असुली गरीनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

## परिच्छेद-५
## करदाता दर्ता सम्बन्धी व्यवस्थाः

**१८. करदाताको पहिचान र दर्ताः-** (१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नुपर्छ ।

(२) कर एकाइले यस ऐन बमोजिम के तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाईले छानबिन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर एकाईले यस ऐन बमोजिम कर तेर्नु पर्ने दायित्व भएको करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धि कारोवार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ।

**१९. करदाताको दायित्वः-** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ;

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना, वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाव किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने ।

(छ) कर एकाइलाई आवश्यक सहयोग गर्ने ।

**२०. करदाताको अधिकारः-** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ ;

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानून बमोजिमको कर सम्बन्धि सूचना प्राप्त गर्ने अधिकार।

(ग) कर सम्बन्धि बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षका लागि कानून व्यवसायी वा लेखा परिक्षक नियुक्ति गर्ने अधिकार ।

(ङ) कर सम्बन्धि गोप्य कुराहरू यस ऐनमा उल्लेख भएकोमा बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावि गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

**२१. करतादाको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर ब्यक्ति वा नीजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेशले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधितव गर्न सक्ने व्यक्तिका तर्फबाट गरीएका काम कारवाही करदाता स्वयमले गरेको मानिनेछ ।

## परिच्छेद-६
## विवरण दाखिला सम्बन्धि व्यवस्थाः

**२२. विवरण दाखिला गर्न आदेश दिन सक्नेः-** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर आधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिने सक्नेछ । यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधी थपका लागि निवेदन दिएमा कर अधिकृतले तीस (३०) दिनसम्मको समयावधी थप गर्न सक्नेछ ।

**२३. विवरण सच्याउन सक्नेः-** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भईसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भुल भएको लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सहि अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

## परिच्छेद- ७

## कर दाखिला सम्बन्धि व्यवस्थाः

**२४. कर दाखिला गर्नु पर्नेः-** (१) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

**२५. कर दाखिलाको निस्स दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद- ८

## कर फिर्ता र समायोजनः

**२६. कर फिर्ता सम्बन्धि व्यवस्थाः** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तीर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदपा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

**२७. कर समायोजन सम्बन्धि व्यवस्थाः** (१) करदाताले दफा २६. बमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिमम समायोज गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद-९

## कर परिक्षण र कर निर्धारणः

**२८. कर परिक्षण र कर निर्धारणः** (१) यस ऐन बमोजिम कर दाताले विवरण पेश नगरेको वा पेश गरेको बिवरणमा देहायको सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ ।

(क) खातापाता हरहिसाब वा अभिलेख दुरुस्त नदेखीएमा ।

(ख) गलत वा झुठ्ठा कागजात\विवरण संकलन गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नु पर्ने कारण भएमा ।

(घ) कारोवारको आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नु पर्ने देखिएमा करदातालाई आधार र कारण खुलाइ आफ्नो स्पष्टिकरण पेश गर्न तिस दिनको सूचाना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टिकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टिकरण पेश गरेमा सोसमेतलाई आधार बनाई र स्पष्टिकरण पेश नगरेमा कानुन बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयम् कर निर्धारण गरी पेश गरेको मितिले चार बर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारन गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

**२९. कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्यान र समयसीमा भित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद- १०
## कर संकलन सम्बन्धि व्यवस्थाः

**३०. कर संकलन सम्बन्धि व्यवस्थाः** (१)न यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर, ब्याज र शूल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरीका बमोजिम कर असुल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमती लिई कट्टा गरेर ।

(घ) बैंक वा वितीय संस्थामा रहेकको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथी दावी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकै पटक वा पटक-पटक गरेर तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरू भएपछि सो कारवाहीको समाप्ति हुनुपूर्व करदाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३१. **किस्ताबन्दीमा कर असुलीः** कुनै खास करदातालाई बिषेश परिस्थितीमा समयमा कर तिर्न नसक्ने कारण भई सोकुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारणसन्तोस जनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तिन किस्तामा कर दाखीला गर्न आदेश दिन सक्नेछ ।

## परिच्छेद- ११

## जरीवाना शुल्क र ब्याज

३२. **जरीवाना लाग्नेः** यस ऐनकको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरीवाना गर्न सक्नेछ।

३३. **ब्याज लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर रकम समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

३४. **अभिलेख नराखेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तब्यन भएका करदाताले अभिलेख नराखेमा रू. १,०००।- शुल्क लाग्नेछ ।

३५. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रतिविवरण रू. १,०००।- शुल्क लाग्नेछ ।

३६. **झुठ्ठा विवरण दिएमा शुल्क लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुठ्ठा बिबरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

३७. **ब्याज नलाग्नेः** यस ऐन बमोजिम शुल्क ब्याज र जरीवानामा पूनः ब्याज लाग्नेछैन ।

## परिच्छेद-१२

## पूर्वेश र प्रशासकीय पुनरावलोकन

३८. **पूर्वादेश माग गर्न सक्नेः** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका ब्यवस्था बारे दुविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्नु पूर्वदेश जारी गरी सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै करा लेखिएको भए पनि अदालतमा विचाराधिन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहने छ ।

३९. **प्रशासकीय पुनरावलोकन हुन सक्नेः** यस ऐन बमोजिम देहायको निर्णय माथी प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारन, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धि निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैर कर राजश्व तथा अन्य दस्तुर, शुल्क ब्याज सम्बन्धि निर्णय ।

**४०. प्रशासकीय पुनरावलोकनको प्रकृयाः** (१) यस ऐन बमोजिमको कर निर्धारनको निर्णय उपर चित नबुझ्ने करदाताले सो निर्णय भएको ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि परेको निवेदन माथी ६० कार्य दिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद- १३

## पुनरावेदन

**४१. उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा उजुरी लाग्ने छैन ।

**४२. पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद- १४

## गैरकर राजश्व

**४३. सेवा शुल्क तथा दस्तुरः** गाउँपालाकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएजको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

**४४. पर्यटन शुल्कः** (१) गाउँपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाइ उठाउन सक्नेछ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराइएको सेवाको लागत संचालन र संभार खर्चलाई आधार मनि पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदपा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटन प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाईने छैन ।

**४५. सवारी साधन पार्किङ शुल्कः** गाउँपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाइ उठाउन सक्नेछ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेको राष्ट्रिय र प्रदेश स्तरको राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ शुल्क उठाउन सक्नेछैन ।

**४६. बहाल विटौरी शुल्कः** गाउँपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेको पोखरी, हाट बजार, प्रदर्शनी स्थल र ती ठाउँमा राख्न अस्थायी अनुमती दिईएका पसलमा बहाल बिटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

**४७. जड़ीबुटी, कवाडि र जीवजन्तु शुल्कः** गाउँपालिकाले जडिबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ ।

**४८. केवुल कारः** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएको केबुलकारमा शुल्क लगाइ उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क केबुलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र बिबरण सात कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

**४९. डुङ्गा परिवहन (बोट सेवा) शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका डुङ्गा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ ।

**५०. अन्य शुल्क लगाउन सक्नेः** (१) गाउँपालिकाले अनुसूची २ मा उल्लेखित बिषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वितिय व्यवस्थापन ऐन, २०७४ को बिपरीत नहुने गरी आफूले प्रदान गरेको सेवा, सुबिधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिन भित्र गाउँ सभाको बैठक चलेको समयमा सभाले र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**५१. छुट वा मिनाहाः** (१) गाउँपालाकाले खास अवस्तामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकाले कुनै परियोजना वा बिकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धि सो व्यवस्थाको पालना गर्ने गराउनेछ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्व छुट वा मिनाहा दिएको विवरण सबाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१५

## समन्वय सम्बन्धि व्यवस्था

**५२. नेपाल सरकारसंग समन्वयः** (१) गाउँपालिकाले संघीय कानून र यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैर कर राजश्व असुल गर्न एकव्द्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकरतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले संबिधानको साझा सूचिमा रहेका बिषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका बिषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए पनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५३. प्रदेश सरकारसंग समन्वयः** (१) गाउँपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले संविधानको साझासूचीमा रहेका विषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार वा दर वा कर प्रशासनका संबन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५४. केन्द्रिय बैकसंग समन्वयः** गाउँपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रिय बैक (नेपाल राष्ट्र बैक) संग समन्वय गरी आवश्यक व्यवस्ता गर्न सक्नेछ ।

**५५. अन्य निकाय, कार्यालय र संस्थासंग समन्वयः** गाउँपालिका वा सो को कुनै अधिकृतले के तथा गैरकर राजश्वसंग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धि व्यवस्था

**५६. राजश्व सम्वन्धि नयाँ प्रस्तावः-** गाउँपालिकाले कर तथा गैरकर सम्बन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासंग परामर्श गर्नु पर्नेछ ।

**५७. सूचना सर्वजनिक गर्नु पर्नेः** (१) यस कानून बमोजिम स्थानीय सरकारले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धि सूचना सर्वसाधरणका लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) स्थानीय सरकारले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाइ स्थानीय सरकारले वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्तानीय सरकारले कर र राजश्वको दर र हेरफेर सम्बन्धि विवरण केन्द्रिय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद- १७

## विविध

**५८. विध्युतीय माध्यामको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि स्थानीय सरकाले विध्युतीय माध्याम (अनलाईन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धि अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५९. ठेक्कामा लगाउन नपाईनेः** स्थानीय सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजश्व ठेक्का लगाई उठाउन पाइनेछैन ।

**६०. अनुसूचीमा हेरफेरः** गाउँ कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**६१. कागजातको ढाँचाः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधरणको जानकारिका लागि स्थानीय सरकारको कार्यालयको सूचना पाटी, वेबसाईट र स्थानीय पत्रपत्रिकाको माध्यामबाट उपलब्ध गराउन सकिनेछ ।

**६२. सूचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना, वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित ब्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित ब्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुजाएको ।

(ग) निजको कानून ब्यवसायी वा लेखापाललाई बुझाएको ।

(घ) नाबालकको हकमा निजको संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको।

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको ।

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरि पठाएको ।

(२) कर एकाइको अधिकृतको नाम र पद खुल्ने गरी दरखास्त गरिएको, कम्प्युटर प्रविधीबाट इन्स्क्रिप्ट वा इन्कोड गरिएको, छाप लगाइएको वा सो कागजमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

**६३. कागजातको अभिलेख राख्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिम कागजातहरू सुरक्षित राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्टयाइ गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारन गर्न सघाउ पर्याउने कागजातहरू ।

(ग) कर कट्टि गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) गाउँपालिकाले लिखित रुपमा सूचना जारी गरि अन्याथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरू सम्बन्धित आर्थिक बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

**६४. अदालतलाई भएसरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनका लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित ब्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६५. आदेश वा निर्देशन दिन सक्नेः** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र प्रदेश सरकारको कर सम्बन्धि कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश र निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालन गर्नु गाउँकार्यपालिकाको कर्तव्य हुनेछ ।

**६६. कर अधिकृतको परिचय पत्रः** कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्यव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धिर व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६७. बिभागीय कारवाही र सजाय हुनेः** (१) कर अधिकृत र कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु वा बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानीनोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको नीजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने समयमा नगरी दुःख हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारिको सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारवाहि गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकार प्राप्त अधीकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानबिन र कारवाही गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धि कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखीने छ ।

(६) उपदफा (३) बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुनेछैन ।

**६८. पुरस्कृत गर्न सक्नेः** गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर बुझाउने, लागेको कर दाखीला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धि अन्य ब्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६९. **म्याद हदम्याद नजानेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएपनि यस ऐन बमोजिम म्याद वा हद म्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ ।

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

७०. **निर्देशिका वा दिग्दर्शन (म्यान्युअल) बनाउने अधिकारः** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

## अनुसूची-१

### (दफा १० उपदफा (४) को (घ) संग सम्बन्धित)

### ह्रासकट्टी गर्ने तरिका

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरिका समान कट्टि तरिका (युनिफर्म चार्ज मेथड) को फिक्स्ड इन्स्टलमेन्ट मेथड अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ ।

सुत्रः

ह्रासकट्टी रकम= सम्पत्तिको प्रारम्भिक मूल्य- अनुमानित शेष मूल्य

सम्पत्तिको आयु (बर्ष)

उदाहरणः कुनै सम्पत्तिको मूल्य शुरुमा रू. १०,००,०००|- छ । यसको आयु २० बर्ष छ । २० बर्ष पछि यो सम्पति बिक्री गर्दा रू २,००,०००|- आउँछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ ।

ह्रासकट्टी रकम = १०,००,०००-२,००,०००

२०

= ८,००,०००

२०

= ४००००|-

(प्रतिबर्ष रू. ४००००|- ह्रासकट्टि खर्च घटाउन पाईन्छ)

## अनुसूची-२

(दफा ५० को उपदफा (१) संग सम्बन्धित

**स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र**

१. खानेपानी, धारा, पोखरी र घाट

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहोरमैला व्यवस्थापन, सरसफाई र ढल ब्यवस्थापन

५. शौचालय, स्नान गृह

६. सार्बजनिक पार्क

७. हाटबजार

८. पशुबधशाला

९. अतिथी गृह र छात्रवास

१०. अचल सम्पत्ति मुल्याङकन शुल्क

११. मरमत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लेखित साधन र सुविधाको मरमत सुधारमा लाग्ने खर्च सम्बन्धि)